नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

visit nepal 2020
फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. : 6825

मिति २०७७/०२/०७ गते ।

विषय : CCMC बैठकको निर्णय सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार काठमाण्डौ

यस जिल्लामा गठित Crisis Management Center (CCMC) को मिति २०७७/०२/०७ गतेको वैठकले गरेको निर्णय यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

........................
(श्रीनाथ पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी

# बैठक संख्याः ३६

आज मिति २०७७/०२/०७ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा जिल्लागत **Covid-19 Crisis Management Center (CCMC)** को बैठक बसी निम्नानुसार निर्णय गरियो ।

<u>विशेष उपस्थिति :</u>

| | | | |
|---|---|---|---|
| श्री वैन बहादुर अधिकारी क्षेत्री | प्रमुख | जिल्ला समन्वय समिति, कास्की | सल्लाहकार |
| श्री मान बहादुर जि.सी. | प्रमुख | पोखरा महानगरपालिका, कास्की | सल्लाहकार |

<u>उपस्थिति :</u>

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री मदन जंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण फूलबारी व्यारेक पोखरा | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| श्री महेश गुरुङ्ग | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| डा. अर्जुन आचार्य | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| डा. विनोद विन्दु शर्मा | निर्देशक | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

<u>आमन्त्रित</u> :

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| डा. टुक बहादुर क्षेत्री | Pathologist | Gandaki Medical College |
| श्री सपना सुवेदी | नि. निर्देशक | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेश |
| श्री सुभद्रा उलाल | Lab Technician | ,, |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

# वैठक संख्या: ३६

निर्णयहरु :

१. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र छाउनी काठमाण्डौको मिति २०७७।०२।०६ को पत्र प्राप्त भई बैठकमा प्रस्तुत हुँदा कोभिड-१९ (कोरोना भाइरस) रोगको रोकथाम र नियन्त्रणका लागि क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको स्वास्थ्य उपचारका सम्बन्धमा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी नेपाल सरकारबाट स्वीकृत मापदण्ड, २०७६ बमोजिम देहाय अनुसार गर्ने/गराउने निर्णय गरियो ।

क) कास्की जिल्लास्थित प्रत्येक क्वारेन्टाइन स्थलमा क्वारेन्टाइन रहेको सम्बन्धित स्थानीय तहले Designated Health Personnel रहेको सुनिश्चित गर्ने र निजहरुले समुदाय/क्वारेन्टाइनका बिरामीहरुलाई अस्पताल लानु पर्ने अवस्थामा PTT(Patient Transfer Team) लाई खवर गरी सम्बन्धित अस्पताल पुऱ्याउने व्यवस्था मिलाउने ।

ख) कास्की जिल्लामा सञ्चालित २८ वटै कोभिडमैत्री एम्बुलेन्सहरुसँग सम्बन्धित PTT हरुको सूची स्वास्थ्य कार्यालय कास्की र रेडक्रस सोसाइटी कास्की कार्यालयले तयार गरी जिल्लागत CCMC मा पेश गर्ने तथा उल्लेखित PTT हरुको संरचनात्मक र गुणात्मक वृद्धि सुनिश्चित गर्न आवश्यक तालिम स्वास्थ्य कार्यालय कास्की र रेडक्रस सोसाइटी कास्की कार्यालयले आपसी समन्वयमा सञ्चालन गरी सो को जानकारी गराउने ।

ग) कास्की जिल्लामा सञ्चालित २८ वटा कोभिडमैत्री एम्बुलेन्सहरुलाई जिल्लामा सञ्चालित विभिन्न क्वारेन्टाइन स्थलहरुमा खटिने गरी जिम्मेवारी तोक्न स्वास्थ्य कार्यालय कास्की र रेडक्रस सोसाइटी कास्की कार्यालयले विवरण तयार गरी CCMC मा पेश गर्ने र तत्काल Patient Transport को व्यवस्थाका लागि सम्बन्धित क्वारेन्टाइन स्थल सञ्चालन गर्ने स्थानीय तहले तोकिएको PTT सँग समन्वय गर्ने ।

२. विश्वव्यापी रुपमा तिव्रतर फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणका कारण सिर्जित महामारीको अवस्थाले भारत वा तेस्रो मुलुकसमेतबाट कास्की जिल्लावासी नागरिकहरु स्वदेश फर्कने क्रम बढ्दो छ । यस सन्दर्भमा सो रोगको रोकथाम तथा नियन्त्रणलाई थप सशक्त एवं प्रभावकारी बनाउन देहायअनुसार गर्ने निर्णय गरियो ।

क) कास्की जिल्लाका सबै स्थानीय तहहरुले आफ्नो क्षेत्रका वैदेशिक रोजगारी, वैदेशिक अध्ययन तथा अन्य उद्देश्यले भारत वा तेस्रो मुलुक बस्दै आएका नागरिकहरुको लगत तयार गरी यथाशिघ्र जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउन अनुरोध गर्ने ।

ख) बुदाँ नं (क) अनुसार तयार पारिएको लगतको विवरण मध्येका केहि अवधिभित्र नेपाल फर्कने तयारीमा रहेका संभावित व्यक्तिहरुको नामावली तयार गर्ने र निजहरुलाई क्वारेन्टाइनमा राख्नुपर्दा आवश्यक हुने नेपाल सरकारले तोकेको मापदण्ड अनुसारका क्वारेन्टाइन स्थलहरुको हालको क्षमतालाई वृद्धि गर्न कास्की जिल्लाका सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

ग) विदेशबाट केहि समय पश्चात फर्कन सक्ने नेपालीहरुका लागि Paying Quarantine मा राख्नको लागि नेपाल सरकारले तोकेको क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी मापदण्ड पुग्ने उपयुक्त रहेका विभिन्न स्तरअनुरुपका यस जिल्लाका सम्भावित होटलहरु/गेष्ट हाउसहरुको सूचि, क्वारेन्टाइन स्थलमा उपलब्ध हुन सक्ने सिट संख्या र सो वापतको न्यूनतम शुल्क समेतको विवरण तयार गरी यथाशिघ्र पोखरा महानगरपालिकाले जिल्ला प्रशासन कार्यालय कास्कीमा पेश गर्न अनुरोध गर्ने ।

घ) उल्लेखित बुँदा नं क, ख र ग को तयारी तथा कार्यान्वयनको सन्दर्भमा सबै स्थानीय तहहरुसँग समन्वय गरी लगत तथा विवरणको तयारी जिल्ला समन्वय समिति कास्कीले गर्ने ।

३. कास्की जिल्लामा कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणमा खटिएका सुरक्षाकर्मी तथा जिल्ला प्रशासन कार्यालय कास्कीका कर्मचारीहरु, Frontline मा काम गर्ने स्वास्थ्यकर्मीहरुको PCR (Polymerase Chain Reaction) Test तत्काल प्रारम्भ गर्न पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा आवश्यक पर्ने थप कर्मचारी मध्ये अस्थायी रुपमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट ३ जना पोखरा महानगरपालिकाबाट ३ जना र स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट ६ जना उपयुक्त कर्मचारी १५ दिनभित्र उपलब्ध गराउने निर्णय गरियो ।

४. जिल्ला अदालत कास्कीको आदेशानुसार अनुसन्धान एवम् अभियोजनका लागि अदालत वा न्यायिक निकायमा पेश हुने प्रतिवादीहरुको अनिवार्य PCR Test गर्ने व्यवस्थाका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

५. गण्डकी प्रदेश सरकारको कोरोना भाइरस (कोभिड-१९) का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन कार्यविधि, २०७७ बैठकमा प्रस्तुत भई छलफल भयो । कास्की जिल्लाभित्र कोभिड-१९ (कोरोना भाइरस) बाट मृत्यु भएमा निजहरुको शव व्यवस्थापन गर्दा नेपाल सरकारबाट प्राप्त शव व्यवस्थापन सम्बन्धी कार्यविधि तथा गण्डकी प्रदेश सरकारको उल्लेखित

# वैठक संख्याः ३६

कार्यविधि अनुसारका शव व्यवस्थापन समितिहरु गठन गर्ने, शव व्यवस्थापनका प्रकृया अवलम्बन गर्ने, PPE लगायतका अतिआवश्यकीय सामग्री तथा सेवा व्यवस्थापन सम्बन्धित स्थानीय तहबाट नै हुने लगायतका प्रावधानहरु कार्यान्वयन गर्न समन्वय गर्ने तथा प्राप्त कार्यविधि कार्यान्वयन गर्न कास्की जिल्लाका सबै स्थानीय तहहरु र सो को लागि सम्बद्ध निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो ।

६. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

**कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण**

| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | ११ | २४ | ३५ |
| २. | अन्नपूर्ण गाउँपालिका | ६० | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | ३५ | १ | २ | ३ |
| | जम्मा | २६६ | १२ | २६ | ३८ |

७. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को Rapid Diagnostic Test गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७/०२/०७ सम्म गरिएको RDT को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

**जिल्ला कास्की ( Rapid Diagnostic Test : मिति २०७७।०२।०७ गते सम्मको विवरण)**

| क.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०२।०७ | | | | २०७७।०२।०६ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | ८० | ७६ | ४ | - | ७४६ | ८२६ | |
| २ | मादी गा.पा. | ० | ० | ० | ० | १७ | १७ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | ० | ० | २ | २ | |
| ४ | रुपा गा.पा. | १४ | १४ | ० | ० | ८० | ९४ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | ० | ० | १६ | १६ | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | ११ | ११ | ० | ० | ४४० | ४५१ | |
| | जम्मा | १०५ | १०१ | ४ | ० | १३०१ | १४०६ | |

८. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०२।०७ सम्मको नमूना संकलन तथा सो को **Polymerase Chain Reaction (PCR Test)** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०२।०७ सम्म | ६९० | ५४७ | - | १४३ | |

## बैठक संख्याः ३६

९. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०२।०७ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य | |
| १. | पोखरा म.न.पा. | ३४६६४ | ५६८८७६ | ४५४९९ | ३४६६४ | २२७६१ | ० | २२७६१ | ० | |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ७३५ | १८९६० | १४३० | ७३५ | ७३५ | - | - | साबुन १ गोटा मसला १ पोका बेसार १ पोका | |
| ४. | मादी गा.पा. | २०५७ | ५१४२५ | २०५७ | २०५७ | ० | २०५७ | ० | ० | |
| ५. | रुपा गा.पा. | ४५२ | ८३२५ | ६८५ | ४७६ | ३८९ | - | - | - | |
| जम्मा | | ३७९०८ | ६४७५८६ | ४९६७१ | ३७९३२ | २३८८५ | २०५७ | २२७६१ | ० | |

१०. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।